# राजनीतिमा पैसाको प्रयोगमाथि नियन्त्रणः एक परिचय

डा. म्याग्नस ओह्म्यान

आइएफईएसका वरिष्ठ राजनीतिक वित्त सल्लाहकार

२०१३

Global Expertise. Local Solutions.
Sustainable Democracy

# राजनीतिमा पैसाको प्रयोगमाथि नियन्त्रणः एक परिचय

यस 'राजनीतिमा पैसाको प्रयोग माथि नियन्त्रण : एक परिचय' को प्रतिलिपि प्रकाशन अमेरिकी अन्तर्राष्ट्रिय सहयोग नियोग (यूएसएआईडी) को आर्थिक सहयोगबाट सम्भव भएको हो । यस प्रकाशनमा उल्लेख गरिएका विषयहरुले यूएसएआईडी वा अमेरिकी राज्यको धारणाहरुलाई प्रतिविम्बित गर्दैन ।

राजनीतिक वित्त र लैङ्गिक समानता

प्रतिलिपि अधिकार © २०१४ इन्टरनेशनल फाउन्डेसन फर इलेक्टोरल सिस्टम

सर्वाधिकार सुरक्षित

अनुमति वक्तव्य : आइफेस (IFES) को स्वीकृतिविना यस प्रकाशनको कुनै पनि भाग कुनै पनि रूप आकारप्रकार वा फाटोकपि, रेकर्डिङलगायत विद्युतीय वा यान्त्रिक कुनै पनि माध्यमबाट वा कुनै सूचना भण्डारण तथा पुर्नप्राप्ति प्रणालीमार्फत पुनःउत्पादन गर्न सकिने छैन ।

अनुमतिका गरिएको अनुरोधमा देहायका जानकारी समावेश गरिएको हुनपर्नेछ :

- जुन सामग्रीको प्रतिलिपि लिन अनुमति मागिएको हो त्यसको विवरण ।
- के प्रयोजनका लागि प्रतिलिपि मागिएको सामग्री प्रयोग गरिनेछ र कसरी त्यसको पयोग गरिनेछ ।
- तपाईंको नाम, पद, कम्पनी वा सङ्गठन, टेलिफोन नम्बर, फ्याक्स नम्बर, इमेल ठेगाना तथा पत्राचार गर्ने ठेगाना

कृपया अनुमतिका लागि यो ठेगानामा पत्राचार गर्नुहोस्:

International Foundation for Electoral Systems
1850 K Street, NW, Fifth Floor
Washington, DC 20006
Email: editor@ifes.org
Fax: 202-350-6701

*यस प्रकाशनमा अभिव्यक्त कुनै पनि अभिमत, परिणाम, निष्कर्ष वा सिफारिसहरू यस प्रकाशनका लेखक(हरू) का हुन् र तिनले इन्टरनेसल फाउन्डेसन फर इलेक्टोरल सिस्टम्सका विचारलाई प्रतिविम्बित गरेको मानिने छैन ।*

## आईएफईएसका बारे

इन्टरनेसल फाउन्डेसन फर इलेक्टोरल सिस्टम्स (आईएफईएस) ले स्वतन्त्र तथा निष्पक्ष चुनावमा सहभागी बन्न पाउने नागरिकहरूको अधिकारलाई सहयोग गर्दछ । हाम्रो स्वतन्त्र विज्ञताले निर्वाचन प्रणालीलाई बलियो बनाउनका साथै दिगो समाधान प्रदान गर्न स्थानीय क्षमताको निर्माण गर्दछ ।

प्रजातन्त्रको प्रवर्द्धनका क्षेत्रमा विश्वव्यापी अगुवाको हैसियतमा हामी असल शासन र लोकतान्त्रिक अधिकारहरूलाई देहायका कार्यमार्फत् अगाडि बढाउँदछौँ :-

- निर्वाचन अधिकृतहरूलाई प्राविधिक सहायता उपलब्ध गराएर
- राजनीतिक प्रक्रियामा सहभागी बन्ने सम्बन्धमा अल्पप्रतिनिधित्व भएकाहरूको सशक्तीकरण गरेर
- निर्वाचन चक्रलाई सुधार गर्न फिल्डमा आधारित अनुसन्धानको कार्यान्वयन गरेर

आइफेसले सन् १९८७ यता लोकतन्त्रमा प्रवेश गरेका मुलुकदेखि पूर्णविकसित लोकतान्त्रिक मुलुकहरूमा गरी १३५ भन्दा बढी देशमा काम गरेको छ । थप जानकारीका लागि, www.IFES.org मा जानुहोस् ।

# विषयसूची


परिचय............................................................................................................ ७

राजनीतिमा पैसाका सम्भाव्य समस्याहरू ........................................................................ ८

राजकीय स्रोतहरूको दुरुपयोग ........................................................................... १०

राजनीतिक वित्तसम्बन्धी औपचारिक नियम ...................................................................... १२

कार्यान्वयन ......................................................................................................... १७

नागरिक समाज तथा मिडियाको भूमिका ......................................................................... १८

निष्कर्षहरू ........................................................................................................ २०

स्रोतहरू ............................................................................................................. २२

# परिचय


*"पैसा राजनीतिका लागि आमाको दूध हो ।"*

– जेसे उनरु (अमेरिकी राजनीतिज्ञ तथा क्यालिफोर्नियाका स्टेट ट्रेजरर, १९२२–१९८७)

विभिन्न क्षेत्र तथा देशका बीचमा राजनीतिको प्रकृतिलाई लिएर ठूलो भिन्नता हुने गरेको भएपनि संसारमा कुनै पनि यस्तो ठाउँ छैन जहाँ राजनीतिक निर्णय प्रक्रियामा पैसाको भूमिका नहोस् ।

राजनीतिमा पैसा वा राजनीतिक वित्त कुनै पनि आधुनिक समाजका मुख्य पक्षहरूसँग गाँसिएको हुन्छ। राजनीतिक वित्तको राम्रो व्यवस्थापन भएन भने त्यसले उम्मेदवारहरूबीचको प्रतिस्पर्धालाई धमिल्याउन सक्ने हुनाले विश्वसनीय तथा असली निर्वाचनका लागि त्यसको राम्रो व्यवस्थापन आवश्यक हुन्छ । समुचित व्यवस्थापनले देशको शासन व्यवस्था प्रभावकारी ढङ्गले चलेको कुरालाई सुनिश्चित गर्ने भएपनि भ्रष्टाचारले सुशासनलाई सजिलै क्षति पुऱ्याउन सक्छ ।

**Figure 1: Political Finance is Centrally Related to Key Aspects of any Modern Society**




लोकतान्त्रिक समाजमा आफ्ना नागरिकहरूसँग निरन्तर संवाद कायम राख्नु आवश्यक हुन्छ। यो एउटा यस्तो प्रक्रिया हो जसका लागि आर्थिक रकमको आवश्यकता पर्दछ। पैसाले राजनीतिज्ञहरूलाई आफ्ना मतदाताप्रति भन्दा आर्थिक सहयोग गर्नेहरूप्रति बढी जवाफदेही बनाउने हो कि भन्ने चासोको विषय हो । इमानदारपूर्ण, कानुनसम्मत आर्थिक सहयोगले राजनीतिज्ञ, राजनीतिक दल र निजामती कर्मचारीहरूको भ्रष्ट आचरणप्रतिको लालसालाई कम गरेपनि राजनीतिमा पैसाको उपस्थितिले नै यस्तो खतराको सिर्जना गर्दछ ।

समस्यामूलक भएपनि पैसा राजनीतिको आवश्यक हिस्सा भइसकेको हुनाले यसका नकारात्मक प्रभावहरूलाई नियन्त्रण तथा प्रतिकार गर्दै त्यसका सकारात्मक पक्षहरूलाई प्रवर्द्धन गर्न यसको असरलाई कसरी नियन्त्रण गर्न सकिन्छ भन्नेबारे हामीले विचार गर्नैपर्छ । सबै देशमा लागु गर्न सकिने निगरानी (oversight) को कुनै एउटा मात्र नमूना छैन । छुट्टाछुट्टै राष्ट्रका लक्ष्यहरू तथा तिनले सम्बोधन गर्न चाहेका समस्याहरूको सन्दर्भगत रूपमा लेखाजोखा गरिनुपर्छ । तर, यसको अर्थ प्रत्येक देशले अन्य मुलुका अनुभवहरूबाट पाठ सिक्न सक्दैनन् भन्ने पनि होइन ।

## समीक्षा

यस सङ्क्षिप्त तथ्यपत्रले राजनीतिक वित्तमा रहेका प्रमुख समस्या तथा तिनका समाधानबारे जानकारी उपलब्ध गराएको छ । यस सम्बन्धमा थुप्रै संभावित समस्याहरू भए तापनि त्यस्तो आचरणलाई नियमन गर्ने तथा त्यसविरुद्ध लड्ने सम्बन्धमा कठिनाइहरूलाई देखाउन राजकीय स्रोतहरूको दुरुपयोगलाई प्रकाशमा ल्याउने हामीले निर्णय गरेका हौं ।

यस पत्रले विभिन्न मुलुकमा राजनीतिक वित्तलाई नियमन गर्दाको विश्वव्यापी अनुभव तथा नियमहरूलाई कसरी लागु गर्न सकिन्छ भन्ने कुरालाई सम्बोधन गरेको छ। आर्थिक सहयोगलाई सार्वजनिक गर्ने (disclosure) (वित्तीय प्रतिवेदन) सम्बन्धमा, आर्थिक सहयोग (contribution) र खर्चमा प्रतिबन्ध तथा त्यसका सीमा र सार्वजनिक आर्थिक सहयोगसम्बन्धी प्रावधानहरूमाथि जोड दिइएको छ। राजनीतिमा पैसा माथिको निगरानीका सम्बन्धमा विश्वव्यापी रूपमा सिकेका पाठहरूका अतिरिक्त नागरिक समाज र मिडियाको भूमिकाबारे पनि यस तथ्यपत्रमा छलफल गरिएको छ ।

यस प्रतिवेदनको प्रयोजनका लागि, हामीले राजनीतिक वित्तलाई निर्वाचन अभियान तथा राजनीतिक दलहरूको आम्दानी भनी परिभाषा गरेका छौं। निर्वाचित पदाधिकारीहरूको आचरण तथा राजनीतिमा पैसाका सम्बन्धमा राजनीतिज्ञ र निजामती कर्मचारीहरूले आफूलाई स्वार्थको द्वन्द्वको स्थितिमा पाउनेलगायतका बृहत्तर परिभाषा सम्भव छन् ।

## राजनीतिमा पैसाका सम्भाव्य समस्याहरू

माथि उल्लेख गरेजस्तै, पैसा आधुनिक राजनीतिको एक आवश्यक पक्ष हो तर यसले संसारभरिका लोकतान्त्रिक मुलुकका लागि चुनौतीहरूको पनि सिर्जना गरेको छ। एक वा अर्को किसिमले यी समस्या मतदाता र निर्वाचित पदाधिकारी वा निर्वाचन लड्ने व्यक्तिहरूबीचको कडीलाई तोड्ने कुरासँग सम्बिन्धित छन्। ठ्याक्कै समस्या के हो भन्ने कुरा क्षेत्रक्षेत्र वा देशदेशपिच्छे नै फरक हुन्छ। तल केही सर्वाधिक सामान्य चुनौतीहरू प्रस्तुत गरिएको छ ।

### *धनीहरूको स्वार्थले राजनीतिक प्रणालीमाथि अनुचित प्रभाव पार्न सक्छ*

"एक व्यक्ति, एक भोट" विश्वभरि नै निर्वाचनको स्थापित सिद्धान्त भएपनि स्रोतहरूमा भएको फरकले केही आवाजलाई अरूको भन्दा बढी जोडसँग मुखरित गर्न सक्छ । पैसा भएकाहरूले लोकतन्त्रका लागि समस्या हुनेगरी राजनीतिज्ञ तथा राजनीतिक निर्णयहरूलाई प्रभावित पार्न सक्छन् ।

***व्यापारिक क्षेत्रबाट निर्वाचन अभियानका लागि आएको सहयोगले सार्वजनिक वित्तमा भ्रष्टाचार निम्त्याउन सक्छ***

अधिकांश देशहरूले निजी कम्पनीलाई राजनीतिक दलहरू तथा निर्वाचन अभियानलाई आर्थिक चन्दा दिन पाउने अधिकार दिएका हुन्छन्। तर, थुप्रै देशमा राजनीतिज्ञहरूले आफूलाई सहयोग गर्ने सङ्गठित संस्थालाई सौविध्यपूर्ण व्यवहार गर्न सक्ने डर रहन्छ । यसबाट सार्वजनिक खरिद बिक्री तथा विकास प्रयासहरूमा नकारात्मक प्रभाव पर्नुका साथै यसले लोकतन्त्रलाई मात्र आघात पुऱ्याउने नभई प्रशासन तथा शासन व्यवस्थालाई पनि असर पुऱ्याउन सक्छ ।

***राजकीय स्रोतहरूको दुरुपयोग***

संसारका थुप्रै देशमा सरकारमा रहेका राजनीतिक दलहरूले आफू सत्तामा टिकिरहन राज्यका स्रोतहरूमा भएको आफ्नो पहुँचको दुरुपयोग गर्दछन् । यस विषयबारे यसै प्रतिवेदनमा पछि छलफल गरिनेछ ।

***राजनीतिमा प्रभाव जमाउन अवैध सहयोग***

राजनीतिमा अवैध रकमको प्रभाव विश्वका केही मुलुकहरूमा बढ्दो समस्याको रूपमा देखिएको छ । कहिलेकाहीँ अपराधीहरू आफूले गरेको अपराधबाट उन्मुक्ति पाउन सरकारमा पस्ने चाहना राख्छन् भने कतिपय अन्य अवस्थामा निर्वाचन अभियानलाई कालो धनलाई सेतो बनाउने काममा प्रयोग गरिएको हुन्छ । अपराधीहरूले आफ्ना गैरकानुनी गतिविधिमा हुने अनुसन्धानबाट बच्नका लागि राजनीतिज्ञहरूमाथि प्रभाव पार्न पनि आर्थिक चन्दालाई प्रयोग गर्न सक्छन् ।

*विदेशी लगानीको प्रभावले राष्ट्रिय राजनीतिको सम्प्रभूत्तालाई जोखिममा पार्न सक्छ*

झनझन भूमण्डलीकरण हुँदै गइरहेको हाम्रो संसारमा प्रत्येक मुलुकले राष्ट्रिय तथा स्थानीय निकायजस्ता आफ्ना राजनीतिक संस्थाहरूलाई कायम राखेको हुन्छ । विदेशबाट आएको पैसा निर्वाचन अभियानमा लगाउने हो भने राजनीतिज्ञहरूले आफ्ना मुलुकका मतदातालाई भन्दा बढी बाहिरका स्वार्थहरूलाई सुन्नुपर्ने हुनसक्छ । यस्तो अवस्था व्यापक हुँदै गयो भने मुलुकको सम्प्रभूत्ता नै जोखिममा पर्न सक्छ ।

***उच्चस्तरको निर्वाचन खर्चले नयाँ राजनीतिक शक्तिहरूको उदयलाई कठिन बनाउन सक्छ***

राजनीतिक प्रक्रियामाथि कुनै पनि दाताको अनुचित प्रभाव परेको छैन – र कुनै अवैध, विदेशी वा अन्य प्रकारका गैरकानुनी रकम पनि प्रयोग भएको छैन भने – भने पनि पैसाको नकारात्मक प्रभाव हुन सक्छ। नयाँ राजनीतिक शक्तिले निर्वाचन अभियानको खर्च अति नै ज्यादा भएका कारणले आफ्ना आवाजलाई मुखरित गर्न सकेनन् भने राजनीतिक व्यवस्थाले जनताको अभिमतमा आएको परिवर्तनसँग आफूलाई समायोजन गर्न सक्ने छैन । सामान्यतया धनीमानी सरोकारवालाहरूको सञ्जालमा महिलाहरूको कम पहुँच हुने हुनाले निर्वाचन अभियानमा हुने उच्च खर्च राजनीतिमा प्रवेश गर्न चाहने महिलाहरूले प्रायः सामना गर्नुपरेका थुप्रै समस्यामध्ये एउटा हो ।

### भोट खरिद

जनताको समर्थन लिएर भन्दा पनि खर्च गरेर चुनाव जित्ने प्रयासहरू संसारका थुप्रै भागमा सामान्य छन् । कहिलेकाहीँ भोट किन्ने काम प्रत्यक्ष कारोबारका रूपमा हुन्छ जसमा निश्चित प्रकारले मतदान गरेको प्रमाण पुऱ्याएमा मतदाताहरूले प्रत्यक्ष रूपमा पैसा हात पार्दछन् र यसमा मोबाइल फोनबाट खिचिएको आफूले मत दिएको मतपत्रको तस्बिरलगायतका प्रमाण हुनसक्छन् । कहिलेकाहीँ भोट किन्ने काम अप्रत्यक्ष र सामुदायिक रूपमा पनि हुन सक्छ जसमा सामुदायिक वा धार्मिक नेताहरूलाई आफ्ना अनुयायीहरूको मत प्रभावित गर्न प्रोत्साहन गरिएको हुन्छ । यी दुईमध्ये कुनै पनि अवस्थामा, भोट खरिदले लोकतान्त्रिक निर्वाचनमा गम्भीर अवरोध ल्याउन सक्छ ।


## राजकीय स्रोतहरूको दुरूपयोग

*"सत्तामा रहेको दलको हातमा राज्यका स्रोतहरू राख्ने कामले चुनावी प्रतिस्पर्धालाई क्षति पुऱ्याउनेबाहेक शासनव्यवस्थाको गुणवत्तालाई नकारात्मक रूपले प्रभाव पार्दछ... ।"*

- स्पेक, ब्रुनो र फोनान्टान (*मिल्किङ द सिस्टम*बाट)

निर्वाचनमा प्रतिस्पर्धीहरू हुनसक्ने भएपनि केही प्रतिस्पर्धीहरू सत्तामा रहेको अवस्थाबाटै निर्वाचन लड्ने तथा अभियानमा लाग्ने गर्दछन् । राज्यमार्फत् उपलब्ध स्रोतहरू प्रयोग गर्ने लालसालाई रोक्न प्रायः कठिन हुन्छ । अफगानिस्तानदेखि जिम्बाब्वेसम्म सत्तामा रहेका राजनीतिक दल वा अधिकारीहरूका निम्ति निर्वाचन अभियानमा राजकीय स्रोतको प्रयोग गरियो भन्ने आरोपहरू समान्य छन् । यसले विपक्षीको चुनावी अभियानलाई अझ कठिन बनाउँदछ ।

**Figure 2: Types of State Resources**




चरम उदाहरणहरूमा राज्य र सरकारमा रहेको राजनीतिक दलका बीचको रेखा धमिलो हुन्छ र एकलाई अर्काेबाट अलग गर्न सकिँदैन । यस्तो अवस्थामा चुनावार्फत् सत्ताको हस्तान्तरण कठिन हुन्छ र परिणामस्वरूप लोकतन्त्रलाई आघात पर्नेछ ।

सत्तामा रहेका राजनीतिक दल तथा राजनीतिज्ञहरू राज्यका स्रोतहरूको दुरुपयोग गर्ने उपायहरूको खोजी गर्नमा सिपालु हुन्छन् । राज्यका स्रोतहरू भनेको पैसा मात्र होइन । यसमा कर्मचारी, सरकारी स्वामित्वमा रहेका मिडिया तथा सञ्चारका अन्य औजारहरू पनि पर्न सक्छन् । थुप्रै देशमा भएको सरकारको स्वामित्वमा रहेका मिडियाको पक्षपातपूर्ण प्रयोग सार्वजनिक स्रोत दुरुपयोगको प्रमुख उदाहरण हो । सत्तामा रहेकाहरूले आफ्नो

नियामक कार्यादेशलाई आचरण वा व्यवहारलाई नियन्त्रण गर्ने नियम कानुन पारित गर्न पनि प्रयोग गर्न सक्नेछन् । यस्तो नियामक कार्यादेशमा फौजदारी संहितालाई परिवर्तन गर्नेदेखि मतपत्रमा राखिएका उम्मेदवारहरूको सूचीको क्रम परिवर्तन गर्नेसम्मका कुराहरू पर्दछन् । कुनै कुनै अवस्थामा त सत्तामा रहेकाहरूले विपक्षी नेताहरूलाई निर्वाचन लड्नबाट रोक लगाउने उपाय समेत भेट्टाउँदछन् । अन्ततः, पदमा रहेकाले सुरक्षा तथा कानुन कार्यान्वयन गर्ने संस्थाहरूलाई प्रयोग गरेर तत्ससम्बन्धी नियमकानुनको दुरुपयोग गर्न सक्छन् । विपक्षीलाई र्‍याली गर्न दिन अस्वीकार गर्ने वा विपक्षी राजनीतिज्ञ, कार्यकर्ता वा आर्थिक सहयोगकर्ताहरूलाई दुःख दिने काम थुप्रै देशमा प्रयोग गरिएका दुर्व्यवहारका उपायहरू हुन् ।

विभिन्न प्रकारका दुरुपयोग भएजस्तै नियममार्फत् यी गतिविधिको प्रतिकार गर्ने विभिन्न विधिहरू छन् । यी विधिको तलका शीर्षकअन्तर्गत व्याख्या गरिन्छ :-

- सार्वजनिक निकायहरूलाई कुनै पनि राजनीतिक पात्रको पक्ष लिने वा नलिने कुराबाट रोक्ने
- सार्वजनिक निकायहरूलाई निश्चित खालका आचरण गर्नबाट रोक्ने (सदैब वा निर्वाचन अभियान वा निर्वाचन अभियानका बेला सरकारी विकास प्रयासहरूको थालनी जस्ता खास अवधिमा निषेध गर्ने)
- राजनीतिक पात्रहरूलाई सार्वजनिक निकायहरूबाट सरसहयोग लिनबाट रोक्ने

राजनीतिक दल तथा निर्वाचन अभियानलाई सार्वजनिक कोष उपलब्ध गराउँदा समतामूलक ढङ्गबाट गरिनुपर्छ र प्रतिपक्षीलाई कुनै प्रकारको भेदभाव गरिनुहुँदैन । त्यसो भएमा सत्तामा हुँदाको अवस्थाबाट हुने फाइदालाई कम गर्न सकिनेछ ।

राजकीय स्रोतहरूको दुरुपयोग राजनीतिमा पैसाको एउटा सामान्य, र विध्वंशकारी पनि हुन सक्ने, पक्ष हो । यो यस्तो दुरुपयोग हो जसलाई औपचारिक नियम बनाएर मात्र प्रभावकारी ढङ्गले सम्बोधन गर्न गाह्रो हुन्छ । राजनीतिक वित्तसम्बन्धी निगरानी निकायहरूद्वारा सशक्त र निरन्तर गरिने अनुगमन गतिविधिहरू र नागरिक समाज तथा मिडियाद्वारा देखाइने सतर्कता राजकीय स्रोतहरूको दुरुपयोगको प्रतिकार गर्न आवश्यक हुन्छ । अन्ततः दुरुपयोगलाई पूर्णरूपमा हटाउने हो भने त्यस्ता गतिविधिमा संलग्न राजनीतिक दलहरूलाई जनताले दिएको समर्थन फिर्ता लिनुपर्छ ।

# राजनीतिक वित्तसम्बन्धी औपचारिक नियम

*"जुन राज्यमा प्रशस्त भ्रष्टाचार हुन्छ त्यहाँ थुप्रै कानुनहरूको निर्माण हुनुपर्छ ।"*

- ट्यासिटस (रोमन इतिहासकार, ई. ५५–१२०)

**Figure 3: Disclosure Requirements in Various Regions**

| Region | Political parties (annually/in relation to elections) | Candidates |
|---|---|---|
| Africa | 69%/49% | 49% |
| Americas | 64%/64% | 57% |
| Asia | 86%/43% | 71% |
| Europe | 89%/66% | 68% |
| Middle East and North Africa | 75%/9% | 45% |
| World | 74%/52% | 60% |

राजनीतिमा पैसासँग सम्बन्धित अवाञ्छित आचरण वा व्यवहारलाई सम्बोधन गर्ने सर्वाधिक समान्य उपाय भनेको नियम तथा कानुनहरू पारित गर्नु हो । आर्थिक सहयोग सार्वजनिक गर्ने (वित्तीय प्रतिवेदन) सम्बन्धी नियमहरूको उद्देश्य पारदर्शिता हासिल गर्नु हुन्छ । निषेध तथा सीमाहरूको उद्देश्य निश्चित प्रकारका आचरण वा व्यवहारलाई प्रत्यक्ष रूपमा हटाउनु हुन्छ । सार्वजनिक आर्थिक सहयोग प्रायः गरेर निजी पैसामा राजनीतिक दल तथा उम्मेदवारहरूको निर्भरतालाई कम गर्न उपलब्ध गराइन्छ । अन्य प्रकारका राजनीतिक वित्तसम्बन्धी नियमहरू पनि हुन्छन् । मिडिया र राजकीय स्रोतहरूको दुरुपयोगसँग सम्बन्धित नियमहरू र आधिकारिक निर्वाचन समयावधिको स्थापना गरेर निर्वाचन अभियानमा पैसा खर्च गर्न सकिने समयावधिको सीमा तोक्ने नियमहरू केही उदाहरण हुन सक्छन् । जुनसुकै नियमहरूलाई छाने पनि तिनीहरू प्रत्येक देशको आफ्नो स्थिति तथा लक्ष्यहरूसँग सुहाउँदो खालको हुनुपर्छ ।

**सार्वजनिकीकरण**

राजनीतिक पात्रहरू, विशेषगरी राजनीतिक दल तथा निर्वाचनमा उठेका उम्मेदवारहरू, को आर्थिक गतिविधिसम्बन्धी जानकारीको उपलब्धता राजनीतिक वित्त नियन्त्रणको कुनै पनि प्रभावकारी प्रणालीको कुञ्जी हो । यस्तो ज्ञानको अभावमा अन्य प्रकारका नियमहरूको पालना भइरहेको छ कि छैन भन्ने कुरा थाहा पाउन प्रायः गाह्रो हुन्छ ।

राजनीतिक वित्तमा पारदर्शितालाई भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिद्वारा स्थापित गरिएको छ, जसमा सबै देशले "यस महासन्धिका उद्देश्यहरूसँग अनुकूल हुनेगरी र आफ्ना देशका राष्ट्रिय कानुनबमोजिम सार्वजनिक पदको निर्वाचनका लागि दिइने उम्मेदवारीमा लागेको खर्च र राजनीतिक दलहरू, लागु भएमा, मा लागेको खर्चमा पारदर्शितालाई अभिवृद्धि गर्न उपयुक्त कानुनी तथा प्रशासकीय उपायहरू गर्ने सम्बन्धमा सोच्नुपर्ने"[१] कुरा उल्लेख गरिएको छ।

तर, सबै देशले त्यस्ता नियमहरू लागु गरेका छैनन् । चित्र नं. ३ ले राजनीतिक दल तथा निर्वाचनका उम्मेदवारहरूले आर्थिक सहयोगबारे प्रतिवेदन गर्ने सम्बन्धमा औपचारिक व्यवस्थाको सिर्जना गर्ने विश्वका मुलुकहरूको हिस्सा क्रमशः प्रस्तुत गरेको छ (तथ्याङ्क सन् २०११ को पछिल्लो अवधिसम्म) ।[२] प्रतिवेदनको माग गर्ने नियमहरू हुनु भनेको पेस प्रतिवेदनहरू सही छन् वा प्रतिवेदनहरूको होशियारीपूर्वक लेखापरीक्षण गरिएको छ भन्ने होइन ।

राजनीतिक पात्रहरूले प्रतिवेदन सार्वजनिक गर्नेसम्बन्धी व्यवस्थाको तयारी गर्दा केही कुरामा ध्यान दिनु आश्यक हुन्छ । त्यस्तो व्यवस्था पत्येक देशको परिस्थितिसँग सुहाउँदो हुनुपर्छ । उदाहरणका लागि, त्यस्तो व्यवस्थामा बैङ्किंग प्रणाली कत्तिको राम्ररी स्थापित भएको छ र राजनीतिक दल/उम्मेदरवारहरूको त्यसलाई पालना गर्ने क्षमताको उल्लेख हुनुपर्नेछ । वित्तीय प्रतिवेदनसम्बन्धी नियमहरू सरोकारवालाले पालना गर्नै नसक्ने गरी जटिल हुनुहुँदैन ।

आर्थिक सहयोग सार्वजनिक गर्नुपर्ने व्यवस्थाले दाताहरूलाई विपक्षी दल तथा उम्मेदवारहरूलाई कोष उपलब्ध गराउने सम्बन्धमा कम इच्छुक बनाउन सक्छ जसले गर्दा सत्तामा हुँदाको फाइदा बढ्न जान्छ भन्ने तर्क गरिएपनि यसलाई आफ्नो प्रतिनिधित्व गर्न चाहनेहरूको वित्तीय व्यवहारबारे निर्वाचकमण्डलले थाहा पाउनुपर्ने कुरासँग तुलना गरिनुपर्छ ।

**आर्थिक सहयोग र खर्चमा प्रतिबन्ध तथा सीमा**


राजनीतिक दल तथा निर्वाचन उम्मेदवारहरूको आर्थिक कारोबार खुला र पारदर्शी भएसम्म थप नियमनको कुनै पनि आवश्यकता पर्दैन भन्ने तर्क पनि कहिलेकाहीँ गर्ने गरिन्छ । यसमा रहेको निहीत अवधारणा आफूलाई प्राप्त जानकारीको आधारमा निर्वाचकमण्डलले आफैँ निर्णय गर्दछन् भन्ने हो । उदाहरणका लागि, यदि कुनै राजनीतिक दल उपहारमा ठूलो धनराशी खर्च गरिरहेको छ भने निर्वाचकमण्डलले भविष्यमा त्यस्तो पार्टीलाई पुनःनिर्वाचन गर्न अस्वीकार गरेर जनता फकाउन अपनाइने सस्तो लोकप्रियतावादी पद्धति (populist approach) लाई सजाय गर्न सक्नेछ ।

---

१ भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धि, धारा ७(३)

२ इन्टरनेसनल आइडियाबाट प्राप्त डाटा (२०१२), हेर्नुहोस् "Resources"

**Figure 4: Types of Bans on Contributions and Expenditure**




तर, त्यस्तो पद्धति सबैतिर प्रभावकारी नहुन सक्छ भनेर विश्वास गर्नुको कारण छ । आर्थिक सहयोगमा हुने पहुँचको खाडल ठूलो भएको वा मिडियाले पूर्ण स्वतन्त्रताको उपभोग गर्न नपाएको अवस्थामा निर्वाचकमण्डललाई राजनीतिक वित्तसम्बन्धी जानकारी हासिल गर्न कठिनाइ हुनसक्छ । यस्तो स्थितिमा, नियमहरूले राजनीतिक दल र उम्मेदवारबारे जानकारी लिने मात्र नभई उनीहरूको आचरण वा व्यवहारलाई नै लक्ष्यित गर्नुपर्ने हुनसक्छ ।

अवाञ्छित आचरण वा व्यवहारको प्रतिरोध गर्ने एउटा उपाय भनेको प्रतिबन्ध लगाउनु हो । यस्ता प्रतिबन्ध राजनीतिक पात्रहरूलाई विदेशी जस्ता "अवाञ्छित" स्रोतहरूबाट रकम प्राप्त गर्नबाट रोक्न प्रयोग गर्न सकिनेछ । इन्टरनेसनल आइडियाको राजनीतिक वित्तसम्बन्धी नियमहरूको डाटाबेसले के देखाउँदछ भने डाटा उपलब्ध भएका १६१ देशमध्ये ७० प्रतिशत देशले विदेशी स्रोतबाट आउने आर्थिक सहायता रकममाथि प्रतिबन्ध लगाएका थिए ।[३] केही देशहरूले निर्वाचन अभियानमा आर्थिक सहयोग प्रदान गर्नबाट सङ्गठित संस्थाहरूलाई पनि प्रतिबन्ध लगाएका छन् । यसमा सामान्यतया के कारण दिइने गरिन्छ भने यस्ता सङ्गठित संस्थाहरूले राजनीतिक पात्रका आचरण वा व्यवहारलाई अनुचित किसिमले प्रभावित पार्न सक्छन् । सन् २०११ मा डाटा प्राप्त भएका १६४ वटा देशमध्ये २२ प्रतिशतले यस्तो आर्थिक सहयोगमा रोक लगाएका थिए । सार्वजनिक कोषबाट दिइने आर्थिक सहयोगमा लगाइने प्रतिबन्ध, सार्वजनिक कोषको नियमन गरिएको प्रावधानबाहेक, राजकीय स्रोतहरूको दुरुपयोगको प्रतिरोध गर्ने एउटा उपाय हो ।

थुप्रै देशमा बेनामी चन्दा लिन अनुमति दिइयो भने विदेशी सङ्गठित संस्थाबाट आउने, उदाहरणका लागि, चन्दामाथि लगाइएको प्रतिबन्धको पालना गरिएको छ कि छैन भन्ने कुरा खुट्याउन लगभग असम्भव हुने हुनाले त्यस्तो चन्दामाथि प्रतिबन्ध लगाइएको छ । आइडियाको डाटाबेसका अनुसार, डाटा उपलब्ध भएका १५२ देशका

---

[३] **इन्टरनेसनल आइडियाबाट प्राप्त डाटा** (२०१२), **हेर्नुहोस्** "Resources"। विदेशमा बसोबास गर्ने देशका नागरिकहरूले निर्वाचन अभियानमा आर्थिक सहयोग गर्नपाउने कि नपाउने भन्ने कुरा कहिलेकाहीँ विवादको रूपमा देखिने मुद्दा हो । यो एउटा मनासिब सिद्धान्त देखिन सक्छ तर थुप्रै देशमा विदेशमा बसोबास गर्ने नागरिकलाई भोट हाल्न पाउने अधिकार छैन । मुलुकबाहिरबाट आएको चन्दा विदेशी स्वार्थबाट नभई नागरिकबाटै आएको हो भन्ने कुराको पुष्टि गर्न अत्यन्त गाह्रो छ ।

६८ प्रतिशत देशले बेनामी चन्दामाथि पूर्ण प्रतिबन्ध लगाएका छन् अथवा त्यस्तो चन्दाका लागि विशेष सीमा तोकेका छन् ।

खर्चमाथि लगाइएको प्रतिबन्धले निर्वाचन अधिकारीहरूलाई घुस ख्वाउने वा भोट खरिद गर्ने जस्ता प्रस्ट खराबीलाई लक्ष्यित गर्न सक्छन् । तर, केही देशले निजी विज्ञापन जस्ता गतिविधिमाथि प्रतिबन्ध लगाएर निर्वाचनका लागि मैदान सम्याउने जस्ता अन्य लक्ष्यहरू हासिल गर्न पनि प्रयोग गर्न सक्छन् । विज्ञापनमा लगाइएको प्रतिबन्धका साथै छापा र प्रशासरण माध्यममा स्वतन्त्र तथा समान पहुँचको प्रावधानलाई कहिलेकाहीँ धनी प्रतिस्पर्धी उम्मेदवारहरूले लिने फाइदालाई सीमित गर्ने उपायका रूपमा हेरिन्छ । यस्ता नियमले वाक स्वतन्त्रतामा बाधा पुग्ने आलोचकहरूको तर्क छ ।

खास परिस्थितिमा मुलुकहरूले निश्चित गतिविधिमा पूर्ण रूपमा प्रतिबन्ध लगाउन नचाहे पनि सीमा तोकेर त्यस्ता गतिविधिलाई न्यून गर्न सक्छन् । जनता वा कम्पनीले दिनसक्ने रकमको सीमा तोकेर केही देशले राजनीतिज्ञका निर्णयहरूलाई प्रभावित गर्ने ठुल्ठुला चन्दाहरूको खतरालाई न्यून गर्ने आशा गर्दछन् । आर्थिक सहयोगमा लगाइएको यस्तो सीमाले राजनीतिक दल र उम्मेदवारलाई पैसा सङ्कलन गर्ने प्रयासमा लागेका मानिसका अझ ठूला समूहप्रति लक्ष्यित गर्न बाध्य पार्न पनि सक्छ, केहीले आशा गरेको एउटा परिवर्तन जसले राजनीतिमा जनसहभागितालाई वृद्धि गर्न सक्छ ।

राजनीतिक दल तथा उम्मेदवारहरूले कतिसम्म खर्च गर्न पाउँछन् भन्ने सम्बन्धमा पनि सीमाहरू तोक्न सकिनेछ । थुप्रै देशमा धनी र गरिब प्रतिस्पर्धीबीच सम्म खेल मैदान बनाउने उद्देश्यले यस्ता सीमाहरू तोकिएका हुन्छन् तर गरिबीको स्तर वा राष्ट्रिय अर्थतन्त्रको सापेक्षतामा त्यस्तो खर्च अत्यधिक हुन गयो भने समग्र चुनाव अभियानकै खर्च कटौती गर्ने उद्देश्यले पनि सीमाहरू तोकिन्छन् । इन्टरनेसनल आइडियाको राजनीतिक वित्तसम्बन्धी डाटाबेसले ३० प्रतिशत जति देशले राजनीतिक दलका लागि खर्च सीमा तोकेको र ४५ प्रतिशतले उम्मेदवारका लागि तोकेको जनाएको छ ।

आर्थिक सहयोग तथा खर्चमा लगाइने प्रतिबन्ध तथा सीमा राजनीतिमा पैसालाई नियन्त्रण गर्ने एउटा औजार हुनसक्छ । तर, प्रतिबन्ध तथा सीमाहरूको उल्लङ्घन भए नभएको पत्ता लगाउने र त्यसमा अनुशास्ती (sanction) दिन अपनाइने प्रभावकारी प्रक्रियालगायत आर्थिक सहयोग सार्वजनिक गर्ने कार्यपद्धति नभएसम्म त्यस्ता नियमहरूको त्यति अर्थ रहँदैन । उल्लङ्घनमा संलग्नहरूले नियमहरूको उल्लङ्घन गरेको खण्डमा दण्डसजाय पाइनेछ भन्ने विश्वसनीय खतराको आभास नगरेसम्म सीमा मात्र तोक्ने कामले कुनै प्रभाव पार्ने सम्भावना हुने छैन ।[४]

[४] खर्च सीमाको पालनालाई सुनिश्चित गर्ने सबैभन्दा प्रभावकारी उपाय भनेको अत्यन्त उच्च सीमा तोक्ने जसमा कोही पनि पुग्न नसकून् । तर, यसले नियमनको कुनै पनि प्रयोजनलाई हटाउनेछ ।

## राजनीतिक दल तथा निर्वाचन उम्मेदवारका लागि सार्वजनिक आर्थिक सहयोग

माथि छलफल गरिएका विभिन्न प्रकारका नियमहरू निश्चित प्रकारका आचरण वा व्यवहार हुन नदिने वा भएमा त्यसमा दण्डसजाय गर्ने कुरासँग सम्बन्धित छन् ।[५] तर, माथि परिचय खण्डमा उल्लेख गरिएझैं, पैसा राजनीतिको एक आवश्यक हिस्सा हो भन्ने कुरालाई हामीले स्वीकार गर्नुपर्छ र राज्यको बजेटबाट प्राप्त "पारदर्शी" वा "नियमन गरिएको" पैसाले स्वस्थ्य संवाद र प्रतिस्पर्धालाई निषेध नगरी राजनीतिमा पार्ने नकारात्मक प्रभावलाई न्यून गर्न सक्छ ।

राजनीतिक दल तथा उम्मेदवार (प्रायः कम)हरूलाई सार्वजनिक पदमा चुनाव लड्न गरिने आर्थिक सहयोगको प्रावधान सन् १९२० को दशक तिर नै केही ल्याटिन अमेरिकी देशहरूमा प्रयोग गरिसकिएको थियो र यो सन् १९६० को दशकमा युरोपमा पनि फैलियो । अहिले संसारका दुईतिहाइ देशहरूद्वारा सबै क्षेत्रमा यस प्रावधानको प्रयोग गरिन्छ ।

सार्वजनिक आर्थिक सहयोगका पक्षपातीहरू के तर्क गर्दछन् भने यसले चुनाव लड्न सम्म खेल मैदान समेत उपलब्ध गराउनुका साथै नयाँ तथा साना राजनीतिक शक्तिहरूलाई आफ्ना आवाज मुखरित गर्न मद्दत गर्न सक्छ । यसले अवैधानिक चन्दा प्राप्त गर्ने वा राजकीय स्रोतहरूको दुरुपयोग गर्ने राजनीतिज्ञहरूको लालसालाई न्यून गर्न सक्छ भन्ने पनि उनीहरूको दावी छ । तर, सार्वजनिक आर्थिक सहयोग उपलब्ध गराउने प्रावधानले राजनीतिज्ञ तथा समर्थकहरूबीचको सम्बन्ध घटाउन सक्ने तथा राजनीतिक दलहरूलाई समाजको भन्दा बढी राज्यको एउटा हिस्सा बनाउने आलोचकहरूको डर छ । उनीहरूको भनाइ के छ भने सरकारमा प्रतिनिधित्व गरिसकेका दलहरूलाई मात्र यस्तो सहयोग उपलब्ध गराउने हो भने यसले नयाँ राजनीतिक दलहरूलाई प्रतिस्पर्धा गर्न झन गाह्रो बनाउन सक्नेछ ।

**सार्वजनिक आर्थिक सहयोगसम्बन्धी व्यवस्थाको तयारी गर्दा सम्बोधन गर्नुपर्ने केही मुद्दा यसप्रकार छन्:**

- योग्यताका लागि प्रवेशद्वार (को को यस्तो सहयोगका लागि हकदार छन्)
- बाँडफाँडको मापदण्ड (योग्यता पुगेका सबैलाई उति नै रकम उपलब्ध गराउने वा जनताबाट पाएको प्रमाणित समर्थनका आधारमा यस्तो प्रावधान बनाउने हो)
- सहयोगको समय (निर्वाचन अघि वा पछि वा वार्षिक रूपमा)
- कस्तो प्रकारको सार्वजनिक सहयोग (नगद वा कर राहत वा मिडियामा पहुँचजस्ता अप्रत्यक्ष आर्थिक सहयोग)

---

[५] यो खण्ड राजनीतिक *वित्तको नियमन, विश्वव्यापी अनुभव* (२००९) मा भएको सार्वजनिक आर्थिक सहयोगसम्बन्धी अध्याय तथा चालु अनुसन्धानमा आधारित छ ।

# कार्यान्वयन

*“अत्यन्त धेरै नियमहरू । अत्यन्त थोरै कार्यान्वयन ।”*[६]

- माइकल पिन्टो-डुसचिन्सकी (राजनीतिक वित्तसम्बन्धी विद्वान)

माथि छलफल गरिएजस्ता औपचारिक नियमहरूले राजनीतिमा पैसाको नकारात्मक प्रभावको प्रतिकार गर्न मद्दत पुऱ्याउन सक्छन् । तर यो कुरा त्यस्ता नियमहरूलाई व्यवहारमा लागु गरिएको अवस्थामा मात्र सत्य हुने हो । त्यसपछि आर्थिक कारोबार सार्वजनिक गर्नुपर्ने व्यवस्था तथा अन्य औपचारिक नियमहरू आवश्यक हुन्छन् तर राजनीतिक वित्तमा पारदर्शिता हासिल गर्न निश्चय नै यतिमात्र भएर पुग्दैन ।

यस्तो व्यवस्थाको कार्यान्वयन उदीयमान लोकतान्त्रिक मुलुकहरूमा मात्र मुद्दाको रूपमा रहेको होइन भन्ने ख्याल गर्नु महत्वपूर्ण हुन्छ । हनि जाइनुलभाईले सन् २००९ को आइफेसको प्रकाशन *राजनीतिक वित्तको नियमन, विश्वव्यापी अनुभव* (Regulating Political Finance, the Global Experience) को राजनीतिक वित्त कार्यान्वयन तथा निगरानीका लागि व्यावहारिक समाधान (Practical Solutions for Political Enforcement and Oversight) नामक अध्यायमा औँल्याएका छन्: “सशक्त संस्थाहरू भएका व्यवस्थामा, राजनीतिक खेलाडीहरू कानुनलाई छल्ने कुरामा विशेषतः सिपालु भएका छन् । दोहोरो लेखा जस्ता तरिकाहरूको प्रयोग र स्वतन्त्र खर्चमा निर्भरता सामान्य हुन्छन् ।”[७]

प्रभावकारी कार्यान्वयन (enforcement)का लागि एउटा सामान्य सिफारिस के हो भने जिम्मेवार निकायसँग उल्लङ्घन भएको पत्ता लगाउने तथा विद्यमान नियमहरूको कार्यान्वयन गर्ने स्पष्ट कार्यादेश र क्षमता हुनुपर्छ । थुप्रै देशमा, राजनीतिक वित्तको रेखदेख गर्ने जिम्मेवारी निर्वाचन व्यवस्थापन निकायको हुन्छ । तर, त्यस्तो निगरानी निकाय राजनीतिक दलहरूका लागि आयोग, लेखापरीक्षण संस्था वा अदालत पनि हुनसक्छ ।


संरचना जे जस्तो भएपनि त्यस्तो निकाय व्यक्ति वा निकायहरूको रेखदेख गर्न स्थापना गरिएका हुन्छन् जुन प्रायः गरेर वरिष्ठ राजनीतिज्ञ, सत्ताधारी राजनीतिक दल र राज्य प्रमुख हुन्छन् । फलस्वरूप, त्यस्तो निकायले एकदमै मिहीन ढङ्गले वित्तीय रेकर्डहरूको अनुसन्धान नगर्न दवावको सामना गर्नुपर्ने हुनसक्छ । राजनीतिक वित्तसम्बन्धी निगरानीमा कार्यरत कुनै व्यक्तिले आफ्नो कामलाई गम्भीरतापूर्वक लिएमा निजंको जागिरलाई नै खतरा पुग्न सक्छ । आफ्नो बजेटमाथि निकायको नियन्त्रण महत्वपूर्ण भएझैँ त्यस्तो निकायका अगुवाहरूका लागि नियुक्ति संरचना अत्यन्त महत्वपूर्ण हुन्छ ।

---

६ Pinto-Duschinsky, Michael. Taking Democracy Seriously Series, No. 1. *Political Finance in the Commonwealth*. Commonwealth Secretariat, London, 2001. pg 25.

७ Ohman, Magnus & Zainulbhai, Hani. *Regulating Political Finance, the Global Experience*. International Foundation for Electoral Systems, Washington, 2009.

**Figure 5: Structure of Enforcement**




कार्यान्वयनकारी निकायलाई प्रभावकारी हुन उसलाई प्रभावकारी अनुशास्ती (sanctions) मा पनि पहुँच हुनैपर्छ । वित्तीय विवरण ढिलो बुझाउने जस्ता कम गम्भीर प्रकृतिका उल्लङ्घन (infraction) का लागि हुने नरमखालका प्रशासनिक दण्डसजायदेखि राजनीतिक दल वा उम्मेदवारहरूलाई निर्वाचनमा सहभागी हुन अस्वीकार गर्नेसम्मका उपयुक्त अनुशास्ती उपलब्ध हुनुपर्छ । निर्वाचनमा सहभागी हुनलाई अस्वीकार गर्ने काम प्रतिवेदन गर्नुपर्ने व्यवस्थालाई ठाडै अस्वीकार गर्ने अवस्थामा लागु हुनसक्छ । अन्तिम चरणको रूपमा, वित्तीय अव्यवस्था प्रमाणित भएको वा त्यस्तो काम बारबार भएको पत्ता लागेमा (जस्तो भोट खरिद वा राजकीय स्रोतहरूको दुरुपयोग) राजनीतिक दलको विघटन हुनसक्छ । त्यस्ता अनुशास्तीमा देवानी वा फौजदारी कारबाही हुन सक्छ । पद्धति जेसुकै भएपनि प्रभावित पक्षलाई त्यस्तो निर्णयविरुद्ध पुनरावेदन गर्नपाउने अधिकार हुन्छ र प्रक्रियाले कानुनी शासनको सम्मान गर्दछ ।

तर, स्पष्ट कानुनी कार्यादेश तथा आवश्यक प्राविधिक क्षमताबाहेक कार्यान्वयनकारी निकायलाई राजनीतिक स्वतन्त्रताका साथै विद्यमान कानुन लागु गर्ने राजनीतिक इच्छाशक्ति हुनुपर्दछ भन्ने कुरा एकदमै महत्वपूर्ण छ । यी विशेषताहरूको अभावमा, कुनै पनि औपचारिक नियमहरूलाई बेवास्ता गरिने सम्भावना हुन्छ ।

# नागरिक समाज तथा मिडियाको भूमिका


*"काम गराउनुको रहस्यको काम गर्नु हो ।"*

- दाँते आलिगेह्री (इटालेली कवि १२६५–१३२१)

सक्षम राजकीय संस्थाद्वारा लागु गरिएका औपचारिक नियमहरू राजनीतिमा पैसालाई नियन्त्रण गर्न महत्वपूर्ण हुने भएपनि शुन्यतामा कहिल्यै पनि यो पर्याप्त नहुने कुरा अनुभवले देखाएको छ । राजनीतिक व्यवस्था भित्र वा बाहिरबाट कसरी पैसा प्रवाहित हुन्छ भन्ने कुराको रेखदेख गर्नमा अन्य सरोकारवालाहरूले पनि सक्रिय भूमिका निर्वाह गर्नु आवश्यक छ । स्वभाविक हो राजनीतिज्ञ तथा राजनीतिक दलहरूले जिम्मेवारीपूर्वक काम गर्नु महत्वपूर्ण हुन्छ तर संलग्नहरूले आफ्नो आचरण परिवर्तन नगरेसम्म राजनीतिक वित्तमा पारदर्शिता वृद्धि गर्ने प्रयासहरूले पर्खन सक्दैनन् ।

## नागरिक समाज

**Figure 6: Roles of Civil Society in Enhancing Political Finance Transparency**




राजनीतिमा पैसामाथिको नियन्त्रणमा सुधार गर्न नागरिक समाजका पात्रहरूको प्रमुख भूमिका हुन्छ । तिनले भोट खरिदका नकारात्मक पक्षहरू, राजकीय स्रोतहरूको दुरुपयोग तथा प्रत्येक देशका नियमबारे जनताले थाहा पाऊन् भन्ने कुराको सुनिश्चित गर्नुपर्छ । राजनीतिक दल तथा उम्मेदवारका व्यवहार वा आचरणको अनुगमन गर्ने क्षमता वा त्यस्तो गर्ने स्वतन्त्रता राजकीय संस्थाहरूसँग छैन जस्तो गरी नागरिक समाजका पात्रहरूले यस्तो कुराको अनुगमनमा महत्वपूर्ण भूमिका खेल्न सक्छन् । थुप्रै देशमा यस्ता आयोजनाहरू सञ्चालन गरिएका छन् र स्थानीय चुनाव पर्यवेक्षक समूहहरूले आफ्नो कामबाट सम्बोधन गरिएका मुद्दाहरूमा राजनीतिक वित्तको मुद्दा पनि थप्दै गएका छन् (सधैं मतदान हुनु निकै अघिदेखि नै राजनीतिक वित्तको अनुगमन सुरु भएको हुनुपर्छ भन्ने कुरालाई ध्यान दिइनुपर्छ) ।

## मिडिया

राजनीतिज्ञहरूले कहाँबाट पैसा पाउँछन् र त्यसलाई कसरी खर्च गर्छन् भन्ने कुरा जनताले थाहा पाऊन् भन्ने कुरालाई सुनिश्चित गर्नु नयाँ तथा पुराना दुवै मिडियाको जिम्मेवारी हो । औपचारिक कानुन तथा सामाजिक मूल्य मान्यताका उल्लङ्घन तथा खराब आचरणलाई पर्दाफास गरेर मिडियाले राजनीतिक सत्ताका लागि भएको प्रतिस्पर्धामा जनताबाट पाउने सहयोग समर्थनको अभावलाई पैसाद्वारा प्रतिस्थापन गर्न खोज्नेलाई सजाय दिन मद्दत गर्न सक्छन् ।

नियमनकारी सुधारहरूका पछाडि प्रस्ट रूपमा देखिने एउटा चालक शक्ति हो – काण्ड (scandal) । काण्डले राजनीतिक वित्तको उदयको व्याख्या गर्न नसकेपनि यो परिवर्तनका लागि महत्वपूर्ण शक्ति हुनसक्छ । निर्वाचन अभियान खर्चसम्बन्धी नियमहरूको उल्लङ्घनले मानिसहरू आक्रोसित भएका छन् भने उनीहरू भविष्यमा यस्ता उल्लङ्घन फेरि नहून् भनी त्यस्ता उल्लङ्घनलाई रोक्न माग गर्न सक्छन् । डिपार्टमेन्ट अफ जस्टिसको निर्वाचन अपराध शाखाका पूर्व निर्देशक क्राइग डोसान्तोले “कुनै पनि देशले राजनीतिक वित्तसम्बन्धी काण्डलाई कसरी

सम्बोधन गर्छ भन्ने कुरा आफ्ना लोकतान्त्रिक संस्थाहरूको ताकतको अत्यन्त महत्वपूर्ण निर्धारक भएको"[८] कुरामा जोड दिएका छन् ।

दीर्घकालीन रूपमा गरिने प्रगतिका लागि, मिडियाले व्यक्तिगत काण्डमा मात्र ध्यान नदिई स्थितिमा सुधार ल्याउन गरिने जुनसुकै प्रयासहरूलाई विवेचनात्मक ढङ्गले पहिल्याउनु महत्वपूर्ण हुन्छ । निर्वाचन हुनुअघि जनतासमक्ष सुधारका लागि बाचा गर्नु र निर्वाचन सकिएको भोलिपल्टदेखि त्यसलाई बिर्सनु राजनीतिज्ञहरूका लागि असमान्य कुरा होइन ।

## निष्कर्षहरू

*"पैसाले सफलताको सिर्जना गर्दैन, त्यो निर्माण गर्ने स्वतन्त्रताले गर्नेछ ।"*

- नेल्सन मन्डेला (दक्षिण अफ्रिकाका पूर्व राष्ट्रपति)

सन् २००९ मा आइफेस तथा अन्य कतिपय सङ्गठनहरूले राजनीतिक वित्त नियन्त्रण र पारदर्शिताका सम्बन्धमा बितेका केही दशकमा काम गर्दा सिकेका केही पाठहरूको पहिचान गरे । क्षेत्र र मुलुकपिच्छे अनुभवहरू भिन्न भिन्न भएपनि (समयक्रममा) विश्वव्यापी रूपमा सत्य ठहरिएका पाँचवटा महत्वपूर्ण समझदारी वा बुझाइको पहिचान गरिएको थियो ।

१. लोकतान्त्रिक राजनीतिका लागि पैसा आवश्यक हुन्छ र राजनीतिक दलहरूलाई राजनीकि प्रक्रियामा आफ्नो भूमिका निर्वाह गर्न कोषमा पहुँच हुनुपर्छ – नियमले स्वस्थ्य प्रतिस्पर्धालाई रोक्नु हुँदैन ।

२. पैसा राजनीतिक प्रणालीमा जहिल्यै पनि एउटा समस्याको रूपमा रहेको हुनाले यसलाई नियन्त्रण गर्ने कानुन वाञ्छनीय छ ।

३. राजनीतिमा पैसालाई नियन्त्रण गर्न रणनीति बनाउँदा सन्दर्भ र राजनीतिक सँस्कृतिप्रति पनि ध्यान पुऱ्याउनु आवश्यक छ ।

४. प्रभावकारी नियमकानुन तथा सार्वजनिकीकरणको प्रक्रियाले राजनीतिमा पैसाको भूमिकाको नकारात्मक प्रभावलाई नियन्त्रण गर्नमा मद्दत गर्न सक्नेछ ।

५. प्रभावकारी निगरानी पारदर्शिताको आधारमा कतिपय सरोकारवालाहरू (जस्तैः नियामकहरू, नागरिक समाज र मिडिया) द्वारा गरिने गतिविधि तथा अन्तरक्रियामा निर्भर गर्दछ ।

---

८

माथि उल्लेख गरिएका कुराबाहेक, राजनीतिक वित्तको प्रभावकारी निगरानी हासिल गर्न (पूर्ण सुपरिवेक्षण कहिल्यै सम्भव छैन) वर्षौं नभएपनि दशकौं लाग्न सक्छ भन्ने कुरा महसुस गर्नु महत्वपूर्ण छ । राजनीतिमा पैसाका सम्बन्धमा पारदर्शितालाई अभिवृद्धि गर्न लागेका जोसुकैले धैर्य लिनुपर्ने र लामो समयसम्म काम गर्नुपर्ने अवस्था हुन्छ ।

तर, यस मुद्दालाई सम्बोधन गर्न चुकेमा राजनीतिक व्यवस्था मत्रपत्रद्धारा नभई पैसाद्धारा नियन्त्रण हुने जोखिम हुन्छ । राजनीतिमा पैसाको प्रभावकारी नियन्त्रण सबै प्रमुख साझेदारको सतत संयुक्त प्रयासले मात्र आउन सक्छ ।

# स्रोतहरू

Group of States against Corruption (GRECO) Information about efforts regarding political finance in the Council of Europe region. Available at http://www.coe.int/t/dghl/monitoring/greco/

International IDEA (2012) *Political Finance Database*. Available at http://www.idea.int/political-finance/

Library of Congress (2011) *Campaign Finance: An Overview.* Available at http://www.loc.gov/law/help/campaign-finance/index.php

Nassmacher, Karl-Heinz (2009) The Funding of Party Competition: Political Finance in 25 Democracies. Nomos.

Ohman, Magnus & Zainulbhai, Hani (eds) (2009) *Regulating Political Finance, the Global Experience*. International Foundation for Electoral Systems, Washington. *Available in English, Dari, French, Pashto and Russian on* http://www.ifes.org/Content/Publications/Books/2009/Political-Finance-Regulation-The-Global-Experience.aspx

Open Society Justice Initiative (2004) *Monitoring Election Campaign Finance: A Handbook for NGOs*. Available at http://www.soros.org/initiatives/justice/articles_publications/publications/monitoring_20041123

Pinto-Duschinsky, Michael (2011) *International Comparisons*. Study prepared for the Inquiry into Party Funding, United Kingdom Committee on Standards in Public Life July 2011. Available at http://www.public-standards.org.uk/Library/Pinto_Duschinsky___International_Comparisons_August_2011.pdf

U4 Anti-Corruption Resource Centre, *Money in Politics*. Available at http://www.u4.no/themes/money-in-politics/

Transparency International and the Carter Center, *The Crinis Project* http://www.transparency.org/regional_pages/americas/crinis